# राजगढ गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
नर्घो, सप्तरी
मधेस प्रदेश, नेपाल


प.स :-०७८।०७९

च.न :- ९१

मिति :- २०७८।११।०४

**विषय : न्युनतम रोजगारीमा संलग्न हुनको लागी निवेदन दिने बारे सूचना ।**

**श्री वडा कार्यालय, (सबै)**

**राजगढ गाँउपालिकाको कार्यालय, नर्घो, सप्तरी ।**

प्रस्तुत विषयमा श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.न २४० मिति २०७८।१०।२६ को पत्रानुसार प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगारीको हक सम्बन्धि ऐन, २०७५ सो को नियमावली तथा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका , २०७५ (पहिलो संशोधन २०७७ सहित) बमोजिम आ.व ०७९।०८० मा न्यूनतम रोजगारीमा आवद्धहुन चाहने वार्षिक ५७७००।०० भन्दा कम आय भएका अति विपन्न तथा जीवनयापन जोखिममा परेका, स्वरोजगार समेत नरहेका १८ वर्ष देखि ५९ वर्ष उमेर समूहका बेरोजगार व्यक्तिले न्यूनतम १०० दिनको रोजगारी लागी २०७८ फागुन मसान्त सम्म आफु स्थायी बसोबास गरेको वडा कार्यालयमा गई बेरोजगारी आवेदन फारम भर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । आफु बसोवास गरेको सम्बन्धित वडा कार्यालयमा २०७८ फागुन महिनाभित्र आवेदन दर्ता गराउनका लागी सम्बन्धित सवैमा यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

साथै बेरोजगार व्यक्तिले सूचीकरणका लागी दिनुपर्ने निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन, २०७७ सहित) को अनुसुची-१ वा https;//pmep.gov.np/publication/karyavidhi मा रहेको व्यहोरा समेत अनुरोध छ ।

**<u>न्यूनतम रोजगारीमा संलग्न हुन आवश्यक मापदण्ड :</u>**

१) परिवारका सम्पुर्ण सदस्यहरुको नाम, नाता, जन्ममिति ,एक प्रति फोटो, नागरिकता नं., जारी जिल्ला र जारी मिति आवेदन फारममा उल्लेख गरी सम्पुर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्रका प्रतिलिपि र एक प्रति फोटो अनिवार्य पेश गर्नहुन । साथै नाबालकको हकमा जन्मदर्ताको प्रतिलिपि पेश गर्न हुन ।

२) निवेदक सहित परिवारका सम्पुर्ण सदस्यहरुको शैक्षिक योग्यता, दक्षता र रोजगारीको अवस्था फारममा उल्लेख गरी प्रमाणपत्र प्रतिलिपि समेत पेश गर्नहुन ।

३) स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको ( नागरिकता, बसाइसराई र विवाह दर्ता आदी ) फोटोकपी प्रतिलिपि पेश गर्नहुन ।

४) निवेदक परिवारमा समाजिक सुरक्षा भत्ता वा अन्य पेन्सन जस्ता सुविधा उपभोग गरेको वा नगरेको एकिन विवरण तथा उक्त परिवारको कुल आर्थिक आम्दानी समेत आवेदन फारममा उल्लेख गर्नहुन ।

५) निवेदक परिवारको रोजगारीको अवस्था (स्वदेश, विदेश वा स्वरोजगार) समेत आवेदन फारममा उल्लेख गर्नहुन ।

६) निवेदन फारममा माग भएका विवरणहरु यथार्थ रुपमा उल्लेख गरी निवेदकहरुले फारमको अन्त्यमा सहिछाप गरी सम्बन्धित वडाका वडा अध्यक्ष वा तोकिएको कार्यवाहक प्रतिनिधिसँग प्रमाणित गराउनुपर्नेछ ।

७) निवेदकको उमेरको हकमा १८ वर्ष पुरा भई ५९ वर्ष ननाघेको ।

नोट :- विवरण नपुगेका तथा समयावधिमा फारम भर्न छुटेका व्यक्तिहरुलाई उक्त कार्यमा समावेश गराउन नसकिने व्यहोरा जानकारीका लागी अनुरोध छ ।

**रमेश प्रसाद यादब**
**प्रमुख प्रशासकिय अधिकृत**